आज मिति २०७५/०९/२५ गते बुधबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ४७ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री वीरध्वज लिम्बु योजना शाखा
श्री इन्द्र कुमार प्रधान प्रशासकीय अधिकृत
श्री कमल प्रसाद भण्डारी प्रा० स० –

**प्रस्तावहरु**

१. गत आ.ब. को आम्दानी र खर्च स्विकृत गरी गाउँसभावाट अनुमोदन गर्ने सम्बन्धमा ।

२. यस आ.ब. २०७५।०७६ को आम्दानी खर्च तथा प्रगती विवरण समिक्षा सम्बन्धमा ।

३. गत आर्थिक वर्ष वाट यस आ.ब.मा अ.ल्या भइ आएको रकमको संशोधन गरी बजेट विनियोजन गर्ने सम्बन्धमा ।

४. गाउँपालिकमा वडा कार्यालयहरुमा कार्यरत सामाजिक परिचालक हरुको करार थप सम्बन्धमा ।

५. गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनहरुलाइ सेवा सुल्क लगाउने सम्बन्धमा ।

६. कार्यवोझको आधारमा स्थानीय भत्ता सम्बन्धमा ।

७. हेभी इक्विपमेन्ट अपरेटरको र चालकको दरबन्दी स्विकृति सम्बन्धमा ।

८. विविध

निर्णयहरु

१. गत आ.व. २०७४।०७५ मा स्विकृत वार्षिक बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्दा भएका सम्पुर्ण आम्दानी तथा खर्चहरुको आर्थिक विवरणको प्रतिवेदनका आधारमा प्रस्तुतिकरण गरियो र उक्त प्रतिवेदनका आम्दानी र खर्चहरुको सर्वसम्मतबाट स्विकृत गरी गाउँसभाबाट अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।

२. यस आ.ब. २०७५।०७६ को स्विकृत वार्षिक बजेट तथा कार्यक्रमहरुको आम्दानी खर्च तथा कार्यान्वयनको प्रगती विवरण प्रस्तुतिकरण गरियो साथै जानकारीका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. यस आ.ब. २०७५।०७६ को लागी गाउँसभाबाट वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गर्दा गत आ.ब. ०७४।०७५ को असार मसान्त सम्म खर्च गरि वाँकी रहन सक्ने अ. ल्या रकम ४ करोड अनुमान गरिएकोमा उक्त रकम ५ करोड ७० लाख भएकोले उक्त वढी भएको १ करोड ७० लाख रुपैया बजेट रकमको कार्यक्रम बनाइ गाउँसभाबाट अनुमोदनको लागी पेश गर्ने निर्णय गरीयो ।

| क्र. सं. | बजेट शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि प्रबर्दन कार्यक्रम | ५०००००।- पाँच लाख | |
| २ | सहकारी प्रवर्दन कार्यक्रम | ५०००००।- पाँच लाख | |
| ३ | पर्यटन प्रवर्दन कार्यक्रम | ५०००००।- पाँच लाख | |
| ४ | विद्यालयको शैक्षिक गुणस्तरको सुधार कार्यक्रम | २००००००।- बीस लाख | |

| | | | |
|---|---|---|---|
| ५ | स्वास्थ्य सेवा गुणस्तर सुधार कार्यक्रम | १००००००।- दस लाख | |
| ६ | पुर्ण सरसफाइ कार्यक्रम | १५०००००।- पन्ध्रलाख | |
| ७ | वाल मैत्री स्थानीय शासन | १००००००।- दश लाख | |
| ८ | खानेपानी पाइप तथा मुहान संरक्षण कार्यक्रम | ५०००००।- पाँचलाख | |
| ९ | सडक तथा पुर्वाधार विकास कार्यक्रम | २८०००००।- अट्ठाइस लाख | |
| १० | पूँजीगत परामर्श तथा अनुसन्धान खर्च | २००००००।- वीस लाख | |
| ११ | सवारी साधन तथा मेसिन भाडा | ७०००००।- सात लाख | |
| १२ | हेवी इक्विपमेन्ट संचालन तथा व्यवस्थापन खर्च | ४००००००।- चालिस लाख | |

४. वडा सचिव तथा वडा कार्यालयमा कर्मचारीहरुको अभाव भएकोले तथा वडा कार्यालयहरु वाट हुने सेवा प्रवाहलाइ प्रभावकरी बनाउन सामाजिक परिचालकहरुलाइ सेवा करारमा राखी कामकाज गराउँदै आएकोमा उक्त सामाजिक परिचालकहरुको सेवा करार म्याद पौष मसान्त देखि सकिने भएकोले सामाजिक परिचालकहरुको असार मसान्त सम्म पुन म्याद गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनहरुलाइ निम्न बमोजिमको सेवा शुल्क निर्धारण गरी गाउँसभावाट अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो । उक्त सेवा सुल्क उठाउन वोलपत्रको माध्यमबाट ठेक्कामा दिने निर्णय गरियो ।

निम्न

| क्र.सं. | सवारी साधनको प्रकार | सेवा शुल्क रकम रु | कैफियत |
|---|---|---|---|
| १ | हेभी ट्रक बस लरी प्रति ~~दिन~~ ट्रिप | १००।- | |
| २ | मिनि ट्रक मिनि वस तथा ट्याक्टर | ५०।- | |
| ३ | जीप तथा हल्का सवारी साधन | ३०।- | |

६. उक्त प्रस्तावमाथी छलफल गर्दा गाउँपालीकाको कार्यालय तथा वडा कार्यालयहरुमा कर्मचारीको अभाव तथा दरवन्दी अनुसार कर्मचारी पदपुर्ती भइ नसकेकोले दोहोरो जिम्मेवारी वहन गरी कार्यबोझ थप हुने कर्मचारीलाइ स्थानीय भत्ता तथा प्रोत्साहन भत्ता नियमानुसार उपलब्ध गराउने गरी निर्णय गरियो तथा सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरीयो ।

७. उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँपालिकाको आ.ब. ०७५।०७६ को बार्षिक कार्यक्रम अन्तर्गत खरिद भएका हेभि इक्विपमेन्ट तथा सवारी साधनको अपरेटर तथा चालक र सहयोगी कर्मचारीको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्विकृत गरेको दरबन्दीमा उक्त पदहरु

नभएकोले निम्न बमोजिमको दरबन्दीको सृजना गरी स्विकृतिको लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निम्न

| क्र.सं. | दरवन्दीको नाम | दरबन्दी संख्या |
|---|---|---|
| १ | टिपर चालक | १ |
| २ | व्याकहो लोडर अपरेटर | १ |
| ३ | स्क्याभेटर अपरेटर | १ |
| ४ | हेभी इक्विपमेन्ट तथा सवारी साधनको लागी सहयोगी कर्मचारी | ३ |

८. विविध

क) माइजोगमाइ गाउँपालिकाको कार्यालय रहेको स्थान सँगै जोडिएको राष्टिय वनको जग्गा गाउँपालिकाको कार्यालयलाइ कार्यालय प्रयोजनको लागी अतिआवश्यक परेको हुँदा नेपाल सरकार समक्ष माग लेखि पठाउने निर्णय गरियो ।

ख) निवेदक जिल्ला इलाम साविक नामसालिङ ६ हाल माईजोगमाई गा. पा. ४ घर भई हाल श्री नामसालिङ मा. वि. माइजोगमाई ३ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भनिएका श्री योगेन्द्र पौडेलले यस माईजोगमाई गाँउपलिकाको कार्यालय उपर समेत श्री उच्च अदालत विराटनगर इलाम इजलाशमा दायर गरेको रिट नं. ६४ को उत्प्रेषणयुक्त परमादेश मुद्धाको लिखित जवाफ पेश गर्न, कानून व्यवसायी नियुक्त गर्न, वारेस नियुक्त गर्न लगायत सो मुद्धाको सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कामकार्य गर्नका लागी माईजोगमाई गाँउपालिकाको कार्यालयको तर्फवाट नियमानुसार खर्च व्यहोर्ने निर्णय गरियो ।